# नयाँ संविधानमा सूचना र संचार

*– विनय कसजू*

नयाँ नेपालको संविधानमा सूचना र संचार कस्तो हुनुपर्छ भन्ने विषयले नेपाली संचार माध्यमहरूमा आवश्यक र पर्याप्त महत्व अहिले पाइसकेको छैन । छिटपुट चर्चा र गोष्ठी हुन थालेका छन् । कुनै पनि राज्यको सूचना र संचार नीति र ऐनकानुनलाई निर्धारण गर्ने सबैभन्दा महत्वपूर्ण कुरा त्यो देशले अपनाउने राजनीतिक व्यवस्था हो । तर नेपालले कुन राजनीतिक व्यवस्था अपनाउँछ भन्ने निधो भइसकेको छैन । यसैले नेपालको सूचना र संचार नीति कस्तो हुन्छ भन्ने कुरा निधो गर्ने बेला भएको छैन भन्ने एक पक्षको भनाइ छ । तर नेपालका राजनीतिक दलहरूले संविधानसभा मार्फत् लोकतन्त्रको स्थापना गर्ने उद्दश्यले बाह्र बुँदे सम्झौतादेखि अहिले सम्म गरेका वृहत शान्ति सम्झौता, अन्तरिम संविधान, मधेश आन्दोलन, आदिवासी जनजाति आन्दोलन आदि विभिन्न राजनीतिक, सामाजिक परिघटना र प्रयासहरूले नयाँ नेपालको राजनीतिक व्यवस्थाको रुपरेखा बनिसकेको छ भन्ने तर्क पनि आइरहेको छ ।

भारत भ्रमणको अवसरमा प्रधानमन्त्री पुष्पकमल दाहालले संसदीय व्यवस्थाप्रति व्यक्त गरेका भनाइले नेपालले भारत वा बेलयातको जस्तो संसदीय व्यवस्था अपनाउने छैन भन्ने संकेत दिइरहेको छ भने यो कुराको पुष्टि नेकपा (माओवादी) का माथिल्ला नेताहरूबाट पनि आइरहेका छन् । अमेरिका वा फ्रान्सको जस्तो राष्ट्रपतीय शासन व्यवस्थालाई अन्तरिम संविधानले नै अस्वीकार गरिसकेको हुँदा फेरि त्यो व्यवस्थाले नयाँ संविधानमा स्थान पाउने कुरामा शंका छ । एक्काइसौं शताब्दीमा सोभियत संघ वा चिनको जस्तो शासन प्रणाली लागू हुने संभावन पनि छैन । तैपनि, सर्वमान्य लोकतान्त्रिक पद्धति, बहुदलीय प्रतिस्पर्धा, मानवअधिकारको सम्मानजस्ता लोकतान्त्रिक गुणलाई नछोडने भन्ने प्रतिवद्धता सबै राजनीतिक दलहरूले गरिसकेको हुँदा र अहिलेको विश्वराजनीतिको प्रवृत्तिलाई ध्यानमा राख्दा नेपालमा मानवअधिकार र भौगोलिक तथा मानवीय विविधतालाई सम्मान गर्ने बहुदलीय, बहुमतीय शासन प्रणालीको विकल्प देखिँदैन । यसका साथै नयाँ नेपाल विभिन्न राज्यहरूको संघ बन्ने कुरा पनि निधो भइसकेको हुँदा सबै संरचनाहरू यही संघीय राज्यको अवधारणा र ढाँचामा उपयुक्त हुने गरी सोच्नु र योजना बनाउनु पर्ने हुन्छ ।

यसरी माथि उल्लेख गरिएका दुई प्रस्थान विन्दुबाट नेपालको संविधान बनाउँदा नेपाली जनताको मौलिक हकको रुपमा लोकतान्त्रिक मुलुकका नागरिकले पाइरहेका सबै प्रकारका मौलिक हकहरूको व्यवस्था हुनु पर्ने स्वतः सिद्ध छ । यसै अन्तर्गत विचार तथा अभिव्यक्ति स्वतन्त्रता, प्रकाशन र प्रसारणको स्वतन्त्रता, सूचनाको हकजस्ता अन्तरिम संविधानमा पनि परेका विषयहरू छुट्ने छुटाउने संभावना नै छैन ।

विचार तथा अभिव्यक्ति स्वतन्त्रता, प्रकाशन तथा प्रशारणको स्वतन्त्रता अर्थात् प्रेस स्वतन्त्रता तथा सूचनाको हक यी तीन यस्ता मौलिक हक हुन् जो कुनै पनि लोकतान्त्रिक मुलुकका लागि अपरिहार्य हुन्छन् । तर यी हकहरू बहाली कुन स्तरमा, कुन रुपमा र कुन माध्यमबाट हुन्छ भन्ने कुरामा अहिलेसम्मका कुनै पनि संविधानले बोलेका छैनन् । यी हक कार्यान्वयनका लागि आवश्यक सूचना र संचारका पूर्वाधार, माध्यम, प्रविधि र भाषाका कुरा स्पष्ट भएनन् भने मौलिक हकका कुरा कौवालाई बेल पाकेसरह हुन्छ ।

अहिलेको सूचना तथा संचार प्रविधिको युगमा संचारका माध्यमहरू कागतमसी, मुद्रण, रेडियो तरंग वा दूरसंचारमा मात्रै सीमित छैन । नयाँनयाँ माध्यम र प्रविधिहरू आएका छन् । मानवअधिकारको विश्व घोषणाको धारा १९ ले माध्यमको स्वतन्त्रताबारे व्याख्या गरिसकेको छ भने संयुक्त राष्ट्रसंघका विभिन्न सन्धिसम्झौताले मानिसका भाषा र संस्कृतिका अधिकारहरूको व्याख्या गरेका छन् ।

यसैले अब बन्ने संविधानमा माथि उल्लेख गरिएका विचार, अभिव्यक्ति, प्रकाशन, प्रसारण र सूचनाको हकजस्ता विषयवस्तुसँग सम्बन्धित हकमात्रै पर्याप्त हुँदैन ती हक कार्यान्वयनका साधन वा माध्यम र प्रविधिको स्वतन्त्रता पनि उल्लेख हुनु आवश्यक छ । यसैले माध्यममाथिको हक संविधानमा मौलिक अधिकारको रुपमा व्यवस्थित हुनु आवश्यक छ ।

माध्यमको अधिकार भन्नाले संयुक्त राष्ट्रसंघको मानवअधिकार घोषणापत्रको धारा १९ मा उल्लेख गरे अनुसार हरेक व्यक्तिले आफ्नो विचार, अभिव्यक्ति, प्रेस स्वतन्त्रता र सूचनाको अधिकार कुनै पनि सूचना र संचारका माध्यम र प्रविधिबाट गर्न पाउनुपर्छ । लेखेर, बोलेर, गाएर, नाचेर, कलाकृति सिर्जन गरेर, रेडियो, टेलिभिजन, इमेल, इन्टरनेट, ब्लग इत्यादि आधुनिकतम र भविष्यमा आविष्कार हुने प्रविधिको स्वतन्त्र रुपमा प्रयोग गर्न पाउनु पर्छ । माध्यमले भाषालाई पनि जनाउँछ । यसैले मानिसले आफूले रोजेको माध्यम, प्रविधि र भाषामा विचार, अभिव्यक्ति, प्रकाशन, प्रसारण र सूचनाको हक उपभोग गर्न पाउनु पर्छ ।

सन् १९८० को दशकपछि विश्वमा फैलिएको विश्वीकरण, उदारीकरण र निजीकरणले गर्दा मिडिया पनि निरन्तर बजारमुखी हुँदैछ । यसको मतलब सूचना र संचारका माध्यम वा मिडियामा जनसेवी भावना हराउँदैछ र नाफामुखी प्रवृत्ति बढ्दैछ । यो प्रवृत्ति बढ्दै जाँदा राज्यका तीन अंग - सरकार, संसद र न्यायप्रणाली - माथि निगरानी गर्ने प्रेसको परम्परागत कर्तव्यमा ह्रास आइरहेको छ । मिडिया जनताप्रति भन्दा विज्ञापनदाताप्रति बढी उत्तरदायी हुँदै गइरहेका छन् । समाचारलाई उपभोग्य विक्रय वस्तुको रुपमा प्रस्तुत गर्ने प्रवृत्ति बढिरहेको छ । कतिपय विश्लेषकले मिडिया आतंकको चर्चा गर्न थालेका छन् । व्यापारिक मिडिया कम्पनीहरूको शक्ति निरन्तर बढिरहको र मिडिया र व्यापारी/विज्ञपकहरूको साँठगाँठ बढिरहेको परिप्रेक्षमा मिडिया उपभोक्ताका हित सुरक्षित गर्नु आवश्यक भइसकेको छ । साथै उचित शुल्क/मूल्य तिरेपछि उचित सामान र सेवा पाउनु पर्ने, उत्पादकबाट ठगिनु नपर्ने व्यवस्थाका लागि पनि सबै खालका उत्पादन र सेवाका उपभोक्ताका हितको संरक्षण संविधानमै गर्नु आवश्यक छ ।

संघीय राज्यमा निश्चय नै संघ वा केन्द्र र त्यसअन्तर्गतका राज्यका हितहरू बाझिने अवस्थाहरू आउँछन् । यसैले केन्द्र र राज्यले प्रयोग गर्न पाउने अधिकारका क्षेत्र र सीमाहरू संविधानमा स्पष्ट गरिने नै छ । तर बिशेष रुपमा कुनकुन विषयमा केन्द्रको मात्र अधिकार रहने, कुन विषयमा केन्द्र र राज्यको अधिकार हुने र कुन विषयमा राज्यको मात्र अधिकार हुने भन्ने कुरा अरू देशका अनुभवबाट सिकेर, विचार पुर्‍याएर मात्र विषय र अधिकार क्षेत्र छुट्याउनु पर्छ ।

भारत र युरोपका कतिपय संघीय मुलुकहरूमा सुरक्षा (सेना), अर्थ (मुद्रा, बैंक), परराष्ट नीति र कानुन केन्द्रीय भएजस्तै सूचना तथा संचार नीति ऐन र नियम पनि केन्द्रीय सरकारले नियन्त्रण गरेको देखिन्छ । सूचना तथा संचारमा केन्द्रीय नियन्त्रण भन्नाले हुलाक, दूरसंचार,

भूउपग्रहको माध्यमबाट हुने संचार, इन्टरनेट, अनलाइन लगायत डिजिटल प्रविधिसम्बन्धी संचार, रेडियो तरंगको प्रयोगबाट हुने संचार, फ्रिक्वेन्सी व्यवस्थापन, प्रेस कानुन, प्रकाशन र प्रसारण, छापाखानासम्बन्धी नीति र कानुन, सूचनाको हकसम्बन्धी नीति, ऐन र नियम बनाउने र लागू गर्ने गराउने जिम्मा केन्द्रको हुन्छ ।

सारमा, भविष्यमा बन्ने संधीय नेपालमा राज्यहरूले विचार र अभिव्यक्ति स्वतन्त्रता, प्रेस स्वतन्त्रतालाई खुम्च्याउने, पत्रकारहरूको गतिविधि र कार्यक्षेत्रलाई सीमित पार्ने तथा सूचना प्रवाहका माध्यम र प्रविधिहरूलाई बन्देज लगाउने साथै सूचनाको हकलाई सीमित पार्ने कानुन बनाउन पाउने छैनन् भन्ने कुरा संविधानमा स्पष्ट रुपमा किटान हुनुपर्छ । उपरोक्त विषयहरूमा राज्यहरूको सहयोगी भूमिका हुनसक्छ तर नियन्त्रणकारी भूमिका हुनु हुँदैन ।

नयाँ पत्रिका दैनिकमा २०६५ असोज ३ गते  प्रकाशित ।